मुख्यमन्त्री

प्रदेश नं.१, विराटनगर

## शुभकामना

हरेक वर्षको मार्ग शुक्ल पूर्णिमाका दिनदेखि मनाइने किराँतहरूको महान पर्व उधौली र नेवारहरूको महत्वपूर्ण पर्व यःमरि पुन्हि यो वर्ष आज २०७८ पौष ४ गते आइतबार पर्न गएकाले यी दुवै पर्वहरूको सुखद अवसरमा प्रदेश नं. १ सहित देश, विदेशमा बस्नुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै उहाँहरू सबैको सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु र प्रगतिको कामना गर्दछु ।

किराँत मान्यताअनुसार मार्ग शुक्ल पूर्णिमाको दिनदेखि हिउँद(जाडो) शुरु हुन्छ र यसै दिनदेखि न्यानोको खोजीमा पशुपन्छी, विभिन्न जीवजन्तु लेकबाट बेसीतिर उँधो झर्ने गर्छन् । त्यसै भएकाले यस दिन मनाइने पर्व(साकेला)लाई उधौली भनिएको हो ।

उधौली पर्व अन्नबाली भित्र्याएपछि अथवा अन्नबाली भित्र्याएको खुशीयालीमा मनाइन्छ । यस पर्वमा मूलतः प्रकृति, भूमि, पितृहरू आदिको पूजा गरिन्छ, र उनीहरूलाई नयाँ अन्नबाली न्वागीका रुपमा चढाउने गरिन्छ । त्यसैगरी यो पर्वमा आफ्ना मौलिक भेषभूषा लगाउने, बाजागाजा, गीत, नाचसहितका विभिन्न सांस्कृतिक कार्यक्रमहरू गरिन्छ ।

उधौली पर्वलाई राईहरूले उधौली साकेला, लिम्बूहरूले चासोक तङनाम, याक्खाहरूले चासुवा र सुनुवारहरूले फोलष्याँदरको रुपमा मनाउने गर्छन् ।

नेवारहरूले मनाउने यःमरि पुन्हि पर्वका दिन चामलको पिठोभित्र चाकु, तिल, खुवा आदि राखेर विशेष प्रकारको रोटी बनाएर खाने गरिन्छ । यस्तो रोटीलाई नेवारी भाषामा ‘यःमरि’ भनिन्छ । यही यःमरि खाएर मनाइने पर्व भएकाले यःमरि पुन्हि भनिएको हो भन्ने भनाइ पनि छ ।

यःमरि पर्वका दिन अन्न भण्डारमा यःमरि, लक्ष्मी, गणेश, कुबेर आदिको प्रतीक/प्रतिमा बनाई चढाउने पनि गरिन्छ । यसरी अन्नभण्डारमा चढाएको यःमरि चार दिनपछि निकालेर बाँडेर खाने गरिन्छ । यःमरि पुन्हिका दिन घरघरमा गएर यःमरि गीत गाउँदै यःमरि माग्ने चलन पनि छ ।

नेपाल बहुभाषिक, बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक मुलुक हो । यो कुरालाई संविधानले पनि स्वीकारेको छ । अथवा, संविधानमार्फत सबैले स्वीकारेको छ । यो विविधिता हाम्रो विशिष्टता हो र हाम्रो सम्पत्ति पनि हो । विविधताबीचको एकता हाम्रो सुन्दरता र हाम्रो शक्ति पनि हो । त्यसैले एक अर्काको भाषा, धर्म, संस्कृति, पर्व आदिलाई सम्मान र स्वीकार गर्दै राष्ट्रिय एकतालाई सुदृढ गर्नु सबै नेपालीको कर्तव्य हो, दायित्व हो ।

उधौली र यःमरि पुन्हि जस्ता पर्वहरू राष्ट्रिय एकताको माध्यम बन्न सकोस्, यी पर्वहरूले सबैमा एकताको भावना विकास गराउन सहयोग पुगोस् भन्ने कामना र अपेक्षासहति फेरि पनि सन्सारभरि फैलिएर रहेका तमाम नेपाली दाजुभाइ, दिदीबहिनीहरूलाई उधौली र यःमरि पुन्हिका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

राजेन्द्रकुमार राई
मुख्यमन्त्री

मिति : २०७८ पौष ४ गते, आइतबार